ACA-MIT SCHOOL

Owned By ACADEMY OF CULINARY ARTS, MANAGEMENT & IT

मितिः २०८३/०२/०१

श्रीमान् चिरिबाबु महर्जन ज्यू,
नगर प्रमुख,
ललितपुर महानगरपालिका, ललितपुर ।

**विषयः छात्रवृति सम्बन्धी जानकारी तथा समन्वयका लागि ।**

महोदय,

प्रस्तुत विषयमा लगनखेल, ललितपुर स्थित यस ACA-MIT Secondary School (Academy of Culinary Arts, Management & IT Secondary School) को संचालक समितिको निर्णय अनुसार शैक्षिक सत्र २०८३/०८४ का लागि ललितपुर महानगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरूमार्फत छात्रवृति कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

उक्त निर्णय अनुसार ललितपुर महानगरपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयबाट SEE परीक्षा उत्तीर्ण गरेका जेहेन्दार विद्यार्थीहरू मध्ये प्रत्येक वडा कार्यालयको सिफारिसमा १ छात्रा र १ छात्र गरी प्रत्येक वडाबाट जम्मा २ जना विद्यार्थीलाई "शिक्षा नियमावली, २०५९" लाई आधार मानी पूर्ण छात्रवृति प्रदान गरिने व्यवस्था गरिएको छ ।

यस सम्बन्धी जानकारी सम्पूर्ण वडा कार्यालयहरूमा पठाइसकिएको व्यहोरा समेत अवगत गराउँदै, योग्य तथा इच्छुक विद्यार्थीहरूलाई उक्त अवसरको जानकारी गराई आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

विद्यार्थीहरूले कक्षा ११ मा निम्न विषयहरू अध्ययन गर्न सक्नेछन् :

१. Hotel Management
२. Computer Science
३. Business Studies
४. Law

**(पुनश्चः छनोट भई सिफारिस गरिएका विद्यार्थीहरूले स्कुलको प्रवेश परीक्षा उत्तीर्ण गर्नु पर्नेछ ।)**

धन्यवाद ।

ACA-MIT SECONDARY SCHOOL LALITPUR

.........................
अशेष महर्जन
अध्यक्ष
9801087256

LAGANKHEL, LALITPUR NEPAL | 977-1-5421618 | info.school@cle.edu.np | www.acamit.edu.np

ललितपुर महानगरपालिका
𑐫𑐮𑐶𑐟 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

ललितपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय पुल्चोक, ललितपुर बागमती प्रदेश, नेपाल

प.नं. २०८२/०८३ (शिक्षा महाशाखा)
च.नं. ५४३

मिति: २०८३/०२/१२
ने.सं. ११४६ अनालाथ्व एकादशी

विषयः सूचना ! सूचना !! सूचना ! !!

प्रस्तुत सम्बन्धमा ACA-MIT School लगनखेल ललितपुरको मिति २०८३/०२/०१ को प्राप्त पत्रानुसार यस ललितपुर महानगरपालिकाका स्थायी वासिन्दाहरुको लागि कक्षा ११मा विभिन्न विषयहरुमा छात्रवृतिको लागि लेखि आएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि ACA-MIT School को सक्कलै पत्र यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ ।

Tel: 977-01-5440906, Fax : 977-1-5553966, Email: info@lmc.gov.np, Website: www.lmc.gov.np